# शोधपत्रको परिचय
# (शोध प्रस्ताव)

## १. शोधशीर्षक

यस शोधपत्रको शीर्षक गीतकार **दीर्घसिंह बमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## २. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह एम्.ए. द्वितीय वर्ष नेपाली विषयको दशौं पत्रको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## ३. शोधसमस्या

पेशाले चिकित्सक/प्रशासक रहेका बम साहित्यिक क्षेत्रमा पनि उत्तिकै सक्रिय देखिन्छन् । मानवीय कोमल भावनालाई सम्वेदनशील ढङ्गले आफ्ना सिर्जनामा आकार प्रदान गर्न सिपालु उनले गीत, भजन, रेडियो नाटक, कविता तथा कथा लेखेर नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य भूमिका खेलेका छन् । बमको व्यक्तित्व र साहित्यिक कृतिका बारेमा यदाकदा टिप्पणी भए तापनि समग्र जीवनी र व्यक्तित्वको व्यवस्थित अध्ययन भएको छैन । यसर्थ उनको जीवनको समग्रतालाई पहिल्याउनु यस शोधपत्रको समस्या रहेको छ । यस शोधपत्रको समस्या कथनलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ ।

(क) गीतकार बमको जीवनी, व्यक्तित्व के कस्तो छ ?
(ख) गीतकार बमका साहित्यिक कृतिहरुको मूल्य के कस्तो छ ?
(ग) गीतकार बमको व्यक्तित्वका आयाम के कस्ता छन् ?
(घ) उनको जीवनी, व्यक्तित्व र कृतित्वको अन्तरसम्बन्ध कस्तो छ ?

## ४. शोधकार्यको उद्देश्य

दीर्घसिंह बमको जीवनी, व्यक्तित्व र उनका कृतिहरूको व्यापक र व्यवस्थित खोज गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ । मूलरूपमा समस्या कथनमा उल्लेखित समस्यामा केन्द्रित भई समाधान खोज्नु नै यस शोधपत्रको उद्देश्य हो । प्रस्तुत शोधपत्रको उद्देश्यलाई निम्न बुँदामार्फत् प्रष्ट पारिएको छ ।

(क) गीतकार बमको जीवनी र व्यक्तित्वको पहिचान गर्नु ।

(ख) बमका साहित्यिक कृतिहरुको मूल्य निर्धारण गर्नु ।

(ग) बमको व्यक्तित्वका आयामहरु पहिल्याउनु ।

(घ) बमको व्यक्तित्व र कृतित्वको अन्तरसम्बन्ध बारे अध्ययन गर्नु ।

## ५. पूर्वकार्यको समीक्षा

मनका विरह व्यथालाई सरल र सरस भाषाशैलीका माध्यमबाट कलात्मक रूप दिने बमले मानवीय भावनागत कोमलतालाई केलाउँदै त्यसमा पर्न गएको चोटलाई मार्मिक ढंगले आफ्ना कृतिमा व्यक्त गरेका छन् । बमका कृतिहरूमा राष्ट्रप्रेम, प्रेमप्रणय, कर्मवाद तथा आन्तरिक मनका सूक्ष्मता भेटिन्छन् । उनका बारेमा विस्तृत अध्ययन नभए तापनि उनको व्यक्तित्व र कृतित्वका बारेमा छिटफुट टिप्पणी भएका छन् । जसलाई क्रमिक रूपले यसरी देखाइएको छ ।

(क) राष्ट्रकवि माधवप्रसाद घिमिरे 'विरही माया' (२०६२) गीतकार दीर्घसिंह बम शारीरिक व्यथाको विशेषज्ञका साथै प्रेमको विरह व्यथाका पनि विशेषज्ञ हुन् ।

(ख) प्रा.वासुदेव त्रिपाठी 'विरही माया' (२०६२) यस्ता वरिष्ट चिकित्साविद् व्यक्तित्व साहित्यका क्षेत्रमा पनि रुचिशील र सृजनशील रहेको देख्न पाउनु सौभाग्यको कुरो हुँदै हो ।

(ग) लोकेन्द्र बहादुर चन्द 'विरही माया' (२०६२) उहाँ छाती रोगको विशेषज्ञ मात्र नभएर प्रकृति प्रेम, राष्ट्रप्रेमको पनि विशेषज्ञको रूपमा तपाई हाम्रो माझ चिनिनु भएको छ; 'विरही माया' आधुनिक गीति सङ्ग्रहको माध्यमबाट ।

(घ) शक्ति बल्लभ 'विरही माया' (२०६२) आजको दिनमा संगीतकारको हिसाबले मूल्यांकन गर्नुपर्दा उहाँलाई मैले एउटा पूर्ण गीतकारको रूपमा पाएको छु ।

(ङ) प्रकाशक मनुदेवी आचार्य, आचार्य प्रकाशन झापाद्वारा 'विचारहरू माझ दीर्घसिंह बम' (२०६०) नामक प्रकाशित पुस्तकमा थुप्रै व्यक्तित्वले बमका बारेमा टिप्पणी मूलक रचना लेखेका छन् ।

(च) प्रकाशक मनुदेवी आचार्य; आचार्य प्रकाशन झापा 'विचारहरू माझ दीर्घसिंह बम' ( २०६०) दीर्घसिंह बमज्यूलाई आचार्य प्रकाशनले ठूलो या प्रतिष्ठित डाक्टरका नाताले होइन एउटा असल व्यक्तिका रूपमा लिएको कारणबाटै यो पुस्तक निकाल्ने जमर्को गरेकी हुँ ।

(छ) डायमन समशेर राणा 'विचारहरू माझ दीर्घसिंह बम' (२०६०) उहाँ जस्ता त्यागी, विज्ञ तथा इमान्दार समाजसेवीलाई राष्ट्रले नै उचित मूल्याङ्कन र सम्मान गर्नुपर्ने आवश्यकता मैले महशुस गरेको छु ।

(ज) भोला रिजाल 'विचारहरू माझ्क दीर्घसिंह बम' (२०६०) इमान्दारपूर्वक भन्नुपर्दा उहाँ चिकित्सा जगत्मा उज्ज्वल नक्षत्र बनिसक्नु भएको छ ।

(झ) नकुलकाजी प्रधान सम्पादक, दैनिक विवेचना 'विचारहरू माझ्क दीर्घसिंह बम (२०६०) प्राविधिक ज्ञानको फाँटमा सम्पूर्ण उच्चताकासाथ उभिने बमजस्ता मूधर्न्य व्यक्तित्व जीवित निधि हुन् ।

(ञ) वैरागी काइला 'विचारहरू माझ्क दीर्घसिंह बम' (२०६०) व्यस्त हुनुपर्ने डाक्टरी पेशामा लाग्ने थोरै डाक्टरहरू मात्र कला, साहित्य र संगीत तथा अन्य सामाजिक क्षेत्रमा पनि लागेका पाइन्छन् । यस्ता थोरै व्यक्तिमा बम एक जना हुन् ।

(ट) दुर्गाप्रसाद भण्डारी 'विचारहरू माझ्क दीर्घ सिंह बम' (२०६०) गर्व गर्ने क्षमता छ भने सुदूरपश्चिमले दीर्घसिंह माथि गर्व गर्ने कारणहरू छन् ।

## ६. अध्ययनको औचित्य र महत्त्व

गीतकार बमको साहित्यिक र साहित्येत्तर व्यक्तित्व तथा उनका प्रकाशित कृतिका बारेमा यदाकदा अपूर्ण टिप्पणीका प्रयास भए पनि व्यवस्थित रूपमा अनुसन्धान भएको प्रमाणिक तथ्यहरू देखिदैनन् । तसर्थ उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन अनुसन्धान गर्नु आवश्यक भएको हुँदा प्रस्तावित शोधकार्य औचित्यपूर्ण र सान्दर्भिक रहेको छ । साथै यसभन्दापछि उनका बारेमा अध्ययन अनुसन्धान गर्न यस शोधकार्यले जानकारी प्रदान गर्न सहयोग पुऱ्याउने हुँदा यसको महत्त्व र औचित्य सावित हुन्छ ।

## ७. अध्ययनको सीमाङ्कन

गीतकार बमको व्यक्तित्व बहुआयामिक रहेको छ । उनको साहित्यिकभन्दा साहित्यत्तर व्यक्तित्वको आयाम विस्तृत र व्यापक रहेको छ । उनले साहित्यका गीत, भजन, नाटक, कविता तथा कथा क्षेत्रमा कलम चलाएका छन् । यस शोधपत्रमा उनको जीवनी व्यक्तित्व र कृतित्वको मात्र अध्ययन विश्लेषण गरिएको छ । उनका जीवनमा घटेका महत्त्वपूर्ण घटना र तिनले साहित्य सिर्जनामा पारेको प्रभावलाई सटिक विश्लेषण गरिएको छ । उनका प्रकाशित र अप्रकाशित कृतिहरूको विश्लेषण सहित परिचय मात्र गरिएको छ । सामाजिक क्षेत्रमा उनले पुऱ्याएको योगदान र उनको अनुसन्धानीय व्यक्तित्वको मोटामोटी परिचय दिइएको छ ।

## ८. सामग्री-सङ्कलन

प्रस्तुत शोधपत्रको तयारीका लागि अन्तर्वार्ता र पुस्तकालयीय अध्ययनलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका साथै विषय विशेषज्ञसित सम्पर्क तथा

शोधनायकसँग भेटवार्ता समेत गरिएको छ । शोधका क्रममा उनका घर परिवारका सदस्यसँग समेत जानकारी लिइएको छ। उनका कृतिमा लेखिएका भूमिका तथा मन्तव्यलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ।

## ९. शोध विधि

प्रस्तुत शोधपत्रको विश्लेषणको मुख्य आधार जीवनीपरक र कृतिपरक समालोचनालाई बनाइएको छ । संकलित सामग्री विश्लेषणात्मक विधि अनुरूप अध्ययन गरिएको र अध्ययनका क्रममा व्यवहारिक समालोचना पद्धतिको समेत उपयोग गरी तथ्यपरक अध्ययन गरिएको छ।

## १०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई संगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । आवश्यकतानुसार परिच्छेदलाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रको रूपरेखा यसप्रकार छ।

| | |
|---|---|
| पहिलो परिच्छेद | गीतकार दीर्घसिंह बमको जीवनी |
| दोस्रो परिच्छेद | गीतकार दीर्घसिंह बमको व्यक्तित्व |
| तेस्रो परिच्छेद | गीतकार दीर्घसिंह बमको लेखनयात्रा र कृतित्वको अध्ययन |
| चौथो परिच्छेद | उपसंहार र निष्कर्ष |